# १३ फेरी सृष्टि

*यस अध्यायको निम्ति पढ्नुहोस्:* प्रकाश २१:१-५, उत्पत्ति ३:१९, १ कोरन्थी १५:५२-५८, उत्पत्ति ६:११-१३, यशैया ११:६-९, यूहन्ना १४:१-३।

**_स्मरण गर्नुपर्ने पद:_ "आउनेवाला नयाँ स्वर्ग र नयाँ पृथ्वीतिर हामी आँखा गाडिरहेकाछौं। धार्मिक जनहरूले त्यहाँ आफ्नो घर बनाउनेछन्। ती सबै कुरा परमेश्वरकै प्रतिज्ञा अनुसार हुनेछ" (२ पत्रुस ३:१४ रूपान्तरित)।**

**२ पत्रुस ३:१०-१३मा पुरानो स्वर्ग र यस पुरानो पृथ्वीको गती के हुनेछ भनेर पत्रुसले कोरेका छन्। ती दुवैको नाश हुनेछ।**

तर त्यो नै कथाको अन्त होइन। किनभने त्यसको ठाउँमा नयाँ स्वर्ग र नयाँ पृथ्वी सृष्टि गरिनेछ।

नयाँ र पुरानोको बीचमा भएको भिन्नताई हेर्नुहोस्। पुरानो पृथ्वी र जगतलाई पापले प्रदुषित पारेको छ। परमेश्वरको धार्मिकता र पवित्रताले नयाँ सृष्टि भरिनेछन्। मृत्युले पुरानो सृष्टिलाई रजाइँ गरेको थियो भने जीवनले नयाँ सृष्टिमा राज गर्नेछ।

परमेश्वर सृष्टिकर्ता हुनुभएको काम पृथ्वीको पहिलो सृष्टिमा अन्त भएको होइन रहेछ भनेर हामीलाई जानकारी छ। न त ख्रीष्टमा हामीलाई नयाँ गरेर परमेश्वरको सृष्टिको कामको अन्त्य हुन्छ। उहाँको कामले निरन्तर पाइरहेको हुन्छ। त्यहि परमेश्वर जसले आफ्नो वचनको महान् पराक्रमद्वारा एक फेरा पृथ्वी सृष्टि गर्नुभएको थियो त्यहि परमेश्वरले फेरि अर्को पटक त्यहि वचनकै महान् पराक्रमद्वारा अर्को पृथ्वी सृजनुहुनेछ।

अन्तिम र नयाँ सृष्टिको कामविनाबितेका सबै कामको कुनै अर्थ हुँदैन। किनभने हाम्रो निम्ति परमेश्वरले प्रतिज्ञा गर्नुभएको लक्ष्य केवल नयाँ स्वर्ग र नयाँ पृथ्वीले मात्र पूरा गरिछोड्नेछ।

## १. नयाँ सुरूवात (प्रकाश २१:१-५)

एउटा बिषय वस्तुमा विज्ञान र बाइबल सहमती छन्। त्यो हो, यस संसार सधैं रहिरहन्दैन भनेर दुवैले विश्वास गर्दछन्। अचानक तरिकाले जुन ठण्डा र दिमागरहित शक्तिले यस संसारमा जीवन ल्यायो त्यहि ठण्डा र दिमागरहित शक्तिले यस संसारको ध्वँस गरिनेछ भनेर विज्ञानले सिकाउँदछ। अन्तमा यस संसारको नाश हुनेछ भनेर बाइबलले पनि सिकाउँदछ। तर यस संसार सदाको निम्ति नाश हुन्छ भनेर विज्ञानले सिकाउँदछ भने यस संसार ताजा नयाँ गरि सृष्टि गरिनेछ र त्यो पुनःसृष्टि अचम्म तरिकाले हुनेछ भनेर बाइबलले सिकाउँदछ। अनि पृथ्वीको त्यो नयाँ सुरूवात अनन्तसम्म रहिरहन्छ भनेर पनि बाइबलले सिकाउँदछ।

**बाइबलमा नयाँ सृष्टिको बारेमा चित्रण गरिएको छ। त्यो चित्रण प्रकाश २१:१-५मा छ। त्यसमा हाम्रो निम्ति अचम्मका प्रतिज्ञाहरू समावेश भएका छन्। ती प्रतिज्ञा केवल परमेश्वरले मात्र सम्पन्न गर्न सक्नुहुन्छ भनेर हामीले जान्नु जरूरी छ। हेर्नुहोस्: " तब मैले एउटा नयाँ स्वर्ग वा आकाश अनि नयाँ पृथ्वी देखें। पहिलो स्वर्ग अनि पृथ्वी बितेर गए। सागर तथा समुद्र त बिलाएर नै गयो। 2 अनि मैले स्वर्ग र परमेश्वरबाट पवित्र नगरलाई ओराल्हि रहेको देखें। त्यो पवित्र नगर नयाँ यरुशलेम हो। यसलाई दुलाहाको निम्ति सिंगारिएकी दुलही जस्तै सजिएको थियो। 3 तब सिंहासनबाट आएको चर्को मैले आवाज सुनें। त्यो आवाजले थियो "अब परमेश्वर मानिसहरूसंग बास गर्नेछ.। तिनीहरु उहाँका भक्तजनहरू हुनेछन्। परमेश्वर स्वयं तिनीहरूसित तिनीहरूको परमेश्वर भएर बस्नेछन्। 4 परमेश्वरले तिनीहरुको आखाँबाट सबै आँसु पुछिदिनुहुनेछ। अब त्यहाँ मृत्यु, शोक, रोदन वा पीडा केही हुने छैन। सबै पुराना वस्तुहरु बितेर जानेछन्।" 5 जो सिंहासनमा विराजमान हुनुहुन्थ्यो, उहाँले भन्नुभयो, "हेर! म हरेक थोक नयाँ बनाउँदैछु। उहाँले यसो पनि भन्नुभयो, "ती कुराहरूको लेखा राख, किनभने मेरा वचनहरु भरपर्दो तथा विश्वासयोग्य अनि सत्य छन्।" (रूपान्तरित)।**

**पुन सृष्टि गरिएको** जीवनमा मृत्यु र पिडाको अन्त सदाको निम्ति हुनेछ भन्ने जस्तो अत्यन्त प्रेरणादायी प्रतिज्ञा अरू के होला? मृत्यु र पिडा जीवनको सकारात्मक पक्ष हुन् भन्ने सोच परमेश्वरको होइन भनेर त्यस स्पष्ट गरि देखाएको छ। जब परमेश्वरले आफूले सृष्टि गर्नुभएको सम्पूर्ण थोक हेरेर सन्तुष्ट भएर उत्पत्तिको पुस्तकको सुरूमा "अत्यन्त असल" (उत्पत्ति १:३१) भनेर उच्चारण गर्नुभएको थियो त्यसबेला कुनै पनि मृत्यु र कष्ट थिएन। परमेश्वरको सृष्टिमा ती मृत्यु र कष्ट अनौठो वा बिरानो हुन्। सृष्टिको सुरूमा ती मृत्यु र कष्टमो सहभागी हुने योजना कहिले पनि भएको थिएन। अनि तिनीहरू नयाँ सृष्टिमा पनि हुनेछैन। जीवनका ती नकारात्मक पक्षहरूलाई नाश गर्न येशू आउनुभएको थियो। नयाँ सृष्टिमा हामीले कहिलै पनि मृत्यु र कष्टको अनुभव गर्नुपर्ने छैन।

हो, नयाँ सृष्टिले नयाँ सुरूवात ल्याउनेछ। पापले गर्दा ल्याइएको यस पृथ्वीको कष्टग्रष्त पापको इतिहास पुरानो भएर बिलाएर जानेछ। पापको इतिहासले ल्याएको परिणाम सबैको सामु स्पष्टरूपमा उदाङ्ग भएको छः पापले मृत्यु, दुःखकष्ट र पिडा ल्याउँछन्। तर परमेश्वरको व्यवस्था वा विधि त जीवन दिने व्यवस्था वा विधि हो।

सुरूमा परमेश्वरले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभएको थियो। र उहाँले नयाँ स्वर्ग र नयाँ पृथ्वीको सृष्टि गर्नुहुनेछ। तिनीहरूको साथमा हामी सबैलाई नयाँ सुरूको प्रस्ताव गर्नुभएको छ। त्यो प्रस्ताव वा उपहार केवल सृष्टिकर्ता परमेश्वरले मात्र हामीलाई दिन सक्नुहुन्छ। अचम्मको कुरो त यो छ, त्यो प्रस्ताव वा उपहार स्वीकार गर्न हामीले कुनै धर्मकर्म गर्नुपर्दैन केवल येशूले हाम्रो निम्ति जे गर्नुभयो त्यसलाई सहर्ष स्वीकार गरेमात्र पुग्छ। मुक्तिको योजना विनाके को आशामा हामी जीउनु? यस संसारमा क्षणिक जीवनको निम्तिमात्र संघर्ष गर्नु जस्तो कहाली लाग्दो र उदासिलो सोच अरू के होला?

प्रकाशको पुस्तकमा उल्लेख गरिएका नयाँ जीवनका प्रतिज्ञाहरू हाम्रो निम्ति किन महत्त्वपूर्ण छन्? तिनीहरू विनाहाम्रो विश्वास वा आस्थाको अस्तित्व के छ?

## २. धुलोबाट जीवन (उत्पत्ति ३:१९)

**परमेश्वरले जमिनको धुलोलाई लिएर त्यसलाई मुछेर मानव आकार दिनु भएको थियो र त्यसमा जीवनको सास फुकी सकेपछि त्यसबाट आदमको सृष्टि भयो भनेर उत्पत्ति २:७ र ३:१९मा उल्लेख गरिएका छन्। तर पापले गर्दा उसले कस्तो गति भोग्नु पर्ने भयो त?**

आदमलाई जमिनको धुलोबाट सृष्टि गर्नुभएको थियो। अनि ऊ जीवित व्यक्ति वा जीवित आत्मा भयो। जब सम्म उनले परमेश्वरसँग सम्बन्ध राखे तब सम्म उनको जीवनले निरन्तरता पाएको थियो। जब आदमले पाप गरे तब उनी परमेश्वरसँगको सम्बन्ध बिच्छेद भयो। जसको फलस्वरूप आदम मर्नुपर्‍यो र जमिनकै धुलोमा मिसिन पुगे।

**मर्ने मानिस वा धुलोमा मिसिएर सुतिरहेकाहरूलाई के हुन्छ भनेर देहायका पदहरूले भनेको हेरौंः**

**यशैया २६:१९: "तपाईंका मरिएका जनहरू फेरि बाँच्नेछन्। तिनीहरूका मृत शरीरहरू बौरी उठ्नेछन्। हे माटोमा सुतिरहनेहरू हो, उठ र आनन्दले कराओ! तपाईंको शीत बिहानको शीतजस्तै छ। पृथ्वीले आफ्ना मरेकाहरूलाई जन्माउनेछन्।" (रूपान्तरित)।**

**दानीयल १२:२ "पृथ्वीका धुलोमा सुतेका भीडहरू बौरी उठ्नेछन्। तिनीहरूमा कोहि अनन्त जीवनको निम्ति बौरी उठ्छन् भने कोहि सदाको निम्ति तिरस्कृत हुन।" (रूपान्तरित)।**

फेरि जीवन फर्किन्छ भन्ने प्रतिज्ञाले येशूभक्तहरूलाई ठूलो आशा प्रदान गर्दछ। त्यस आशाको बारेमा अय्यूबले यसरी वाख्या गर्दछन्, "मेरो छाला नाश भएपछि मेरो शरीरले परमेश्वरलाई देख्नेछ।" (अय्यूब १९:२६ रूपान्तरित)। परमेश्वरलाई विश्वास गर्नेहरूको निम्ति मृत्यु केवल क्षणिकमात्र भएको त्यसले देखाउँछ। जुन परमेश्वरले आदमलाई

धुलोबाट सृष्टि गरेर जीवनको सास फुकिदिनुभएर जीवित पार्नुभयो त्यहि परमेश्वरले फेरि धुलोबाटै मानिसलाई कसरी सृष्टि गर्ने भन्ने कुरो बिर्सनु भएको छैन। जसरी आदमलाई सृष्टि गरियो त्यसरी नै पुनरुत्थान पनि सृष्टिको कार्य हुनेछ।

**उत्पत्तिको कथासँग नजिकै गाँसिएको विषय १ कोरन्थी १५:५२-५९मा उल्लेख गरेको छ। त्यो के हो पढ्नुहोस्।**

येशूको दोस्रो आगमनमा धर्मीहरूको पुनरुत्थान हुन्छ भनेर उपरोक्त पदहरूमा लेखिएका छन्। तिनीहरूको पुनरुत्थान आँखाको निमेषमा अर्थात् द्रुतगतीमा हुनेछ। जसरी प्रथम् मानव जात परमेश्वरले सृष्टि गर्नुभयो त्यसरी नै उसको लागि चाहिने सबै थोक परमेश्वरले गरिदिनुहुनेछ। त्यो विकासवाद सिद्धान्तको विपरित शिक्षा हो। किनभने हामीलाई पुनःसृष्टि गर्न परमेश्वरले करोडौं वर्ष लगाउनुहुन्न। बरू आँखाको निमेषमै उहाँले नयाँ जीवनको सृष्टि गरिदिनुहुनेछ। यदि त्यसबखत त्यसरी छिट्टो हामीलाई सृष्टि गर्नुहुनेछ भने पहिला सृष्टि गर्नुभएको बेलामा पनि विकासवादको सिद्धान्त अपनाउनुभएको थिएन भनेर पुष्टि गर्दछ। बाइबलमा मानिसको सर्वोच्च हितको निम्ति धेरै शिक्षादिक्षाहरू छन्। आशाका धेरै प्रतिज्ञाहरू छन्। पुनरुत्थानको बारेमा बाइबलमा दिएका प्रमाणहरूले विकासवादले भन्दा बढि आशा दिन्छन्।

**विज्ञानले पुनरुत्थानको बारेमा वाख्या गर्न सक्दैनन्। त्यसले गर्दा विज्ञानको ज्ञान कतिको सिमित रहेछ भनेर के बताउँदैन र?**

## ३. मानिसलाई दिएको अधिकार फेरि सुम्पिनु

**यस संसारमा प्रभुत्व जमाउन परमेश्वरले आदमलाई आदेश दिनुभएको थियो भनेर उत्पत्ति १:२८मा उल्लेख गरिएको छ भने युहन्ना १२:३१मा यस संसारका शासक सैतान हो भनेर येशूले औंल्याउनुभएको पाउँछौं। संसारको स्वामित्व पाएका आदमको अधिकारलाई सैतानले खोसिलिएको थियो।**

यस संसारको शासक हुन परमेश्वरले आदमलाई खटाउनुभएको थियो। जब उनले पाप गरे तब संसारलाई नियन्त्रण गर्ने उनको शक्ति कमजोर भयो। आदमको सट्टा सैतानले यस सृष्टिमा उसको शक्तिले अड्डा जमायो। त्यसले गर्दा यस संसारमा पाप र समस्याहरू यत्रतत्र सर्वत्र फैलिन पुगेको छ।

तर क्रुसपछि येशूले यस संसारको नियन्त्रण सैतानबाट आफूले लिनुभयो (यस सन्दर्भमा पढ्नुहोस्ः मत्ती २८ः१८, प्रकाश १२ः१० र यूहन्ना १२ः३१)। हो, सैतानले अझसम्म उसको दुष्ट जाल फैलाइ नै रहेकाछन्। यस संसारलाई उसले क्षतविक्षत गरिनै रहेको छ। तर सैतानको दिन गन्ती सुरू भएको छ भन्ने कुरामा हामी ढुक्क हुनसक्छौं। क्रुसमा ख्रीष्टको विजयले सैतानको जमानत हराएको छ, अर्थात् येशूको पुनरुत्थानले सैतानको अन्त हुने ग्यारेन्टी भएको छ।

**बाइबलमा सत्यका धेरै आत्मज्ञानहरू छन्। ती मध्ये देहायका केहि सत्यहरूले हामीलाई के सिकाउँछ हेरौंः**

**२ तिमोथी २ः११,१२, " यो भनाइ सत्य छ, यदि हामी उहाँसँग मरेका भए, तब हामी पनि उहाँसँगै जिउने छौं। 12 यदि हामीले दुःख र कष्ट सह्यौ भने हामी उहाँसितै शासन गर्नेछौं। यदि हामीले उहाँलाई स्वीकार्न अस्वीकार गऱ्यौं भने उहाँले पनि हामीलाई स्वीकार गर्न अस्वीकार गर्नु हुनेछ। (रूपान्तरित)।**

**प्रकाश ५ः१०ः "तिनीहरूलाई (येशूका भक्तजनहरू) राज्य र हाम्रा परमेश्वरको पूजाहारी बनाउनुभएको छ, र तिनीहरूले पृथ्वीमा राज गर्नेछन्।"**

**१ कोरन्थी ६ः२,३, "सन्तहरूले संसारको न्याय गर्नेछन् भन्ने कुरा के तिमीहरूलाई थाहा छैन? यदि संसारको न्याय तिमीहरूले नै गर्नुपर्छ भने साना भन्दा साना मुद्दाहरू छिन्न के तिमीहरू अयोग्य छौ? के तिमीहरूलाई थाहा छैन, हामी स्वर्गदूतहरूको न्याय गर्नेछौं? उसो भए यस जीवनमा हुने कुरा के ठूलो हुन् र?"**

मुक्ति पाएकाहरूलाई राजा र पूजाहारी हुन् अधिकार दिइनेछन्। जब राजा भन्ने कुरालाई सोच्छौं तब त्यसको अर्थ केहि हदसम्म अख्तियारको बारेमा बुझ्छौं। जब पूजाहारी भन्ने सोच्छौं तब त्यसको अर्थ परमेश्वर र मानिसको बीचमा सम्पर्क राख्ने व्यक्तिको बारेमा बुझ्छौं। हुनसक्छ मुक्तिपाएका जनहरूले यस संसारमात्र होइन अरू संसारका जीवहरूसँग पनि सम्पर्क राख्ने भूमिका खेल्नुपर्नेहुन्छ। ती अरू संसारका जीवहरूलाई पापको भयानक अनुभव कहिलै थाहा भएको हुँदैन। पापले कस्ता कस्ता भयानक समस्याहरू ल्याउँदो रहेछ भनेर यस जगतका अरू जीवहरूलाई थाहा नै छैन।

"सारा जगतका बहुमूल्य सत्यका खजानाहरू **परमेश्वरका जनहरूले अध्ययन गर्न खोलिदिनेछन्। सदा जीउने ती जनहरूले अरू अरू संसारमा उडेर जान पाउनेछन्। ती संसारका जीवहरूले यस पृथ्वीमा भएका युद्धहरू विस्मयसाथ हेरिरहेका थिए। जब कोहि जन परमेश्वरतिर लागेर मुक्ति पाए भने तिनीहरूमा विजयको उल्लास हुन्थ्यो। पापमा नफसेका संसारहरूका अरू जीवहरूको ज्ञानको माझमा उद्धार पाएका यस संसारका जनहरू अत्यन्त हर्षोल्लाससाथ हेमचेम गर्न पाउनेछन्।"**-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ६७७बाट **रूपान्तरित। "पापमा नफसेका अरू वुद्धिजीविहरू"को अर्थ के हो? तिनीहरूबाट हामी के सिक्नसक्छौं?** र **तिनीहरूले पनि हामीबाट के सिक्नसक्छ?**

## ४. अझ अरू पुनःस्थापना (उत्पत्ति ६:११-१३)

जन्तुजनावरहरू एकले अर्कोलाई पक्रन्छन्, मार्छन् र खान्छन्। यो आजको संसारको गतिविधि हो। यसलाई अङ्ग्रेजीमा "फुड चेन" भन्दछ। जीवहरू जीउन एकले अर्कोलाई खाएर बाँच्दछन् भन्ने त्यो सिद्धान्त हो। प्राकृतिक संसारमा सबैले मानेको त्यो सिद्धान्त हो। त्यो प्रक्रियाबिनाको संसार हुनु वर्तमान परिप्रेक्ष्यमा अकल्पनिय कुरो हो। तर सृष्टिको सुरूमा सबै जन्तुजनावरहरूको खाना अरू जन्तुजनावर नभएर

हरियो वनस्पती थियो (उत्पत्ति १:३०)। समुद्रमा भएका जीवहरूको खाना के थियो भनेर उत्पत्ति १:३०ले भनेको छैन। जमीनमा रहेका जनावरहरूको खाना जस्तै ती समुद्रका जीवका खानाहरू पनि समुद्रमै पाइएका झारपातहरू नै भएको हुनसक्छ। कोहिलाई मारिएर खाने जन्तुजनावरहरूको स्वभाव सुरूमा थिएन भनेर ठोकुवा गर्न सक्दछौं, किनभने जब परमेश्वरले सबै सृष्टि गर्नुभयो तब उहाँ अत्यन्त संतुष्ट भएर भन्नुभयो, "आहा, सबै थोक अति राम्रो छ!" (रूपान्तरित)।

**तर सबैको खानामा कसरी परिवर्तनभयो भनेर उत्पत्ति ६:११-१३ र उत्पत्ति ९:२-४मा बताउँछन्। पापले गर्दा जलप्रलय निम्त्याइयो। जलप्रलयले सारा प्रकृतिमा परिवर्तन ल्यायो। जलप्रलयपछि जीवजन्तु र मानिसहरूको स्वभावमा नकारात्मक परिवर्तन भयो।**

हो, शान्तमय राज्य अर्थात् रमाइलो अदनबाट सुरू भएको यस संसारमा पाप, समस्या र दुष्टताले भर्नपुग्यो। पापको कारणले सबैको स्वभावमा परिवर्तन ल्याइयो। अति राम्रो संसार भनेर परमेश्वरले उच्चारण गर्नुभएको यस संसार यस्तो नराम्रो भयो कि त्यसलाई नाश गर्न बाध्य हुनुपर्‍यो।

जलप्रलय पछि जनावरहरू मानिसहरूदेखि डराउन थाले। धर्ती, आकाश र समुद्रका कतिपय जनावरहरू हिंस्रक बन्न पुगे। मानिसहरू पनि आफ्नो जीविकाको निम्ति जन्तुजनावरहरूलाई मार्न थाल्यो। जलप्रलयपछिको संसार परमेश्वरले सुरूमा सृष्टिगर्नुभएको शान्तिमय संसारभन्दा अत्यन्त फरक हुन पुग्यो। जन्तुजनावरहरूमाथिको नियन्त्रण मानिसमा कमजोर हुन पुगेको त्यसबेलादेखि देखियो।

**यद्यपि, वर्तमान संसारमा मानिस र जनावरहरूको बीचमा जुन् त्रासपूर्ण सम्बन्ध छन्, त्यो सम्बन्धमा परिवर्तन हुनेछ भनेर यशैयाका पुस्तकले बताउँदछन्। यशैया ११:६-९मा भविष्यको जीवनको बारेमा यसरी व्यक्त गर्दछ ,"ब्वाँसोचाहिँ थुमासंग बस्नेछ र चितुवा पाठासित बस्नेछ। बाछा, सिँह र एक वर्षे पशु एकैसाथ बस्नेछ र एउटा सानो बालकले तिनीहरूलाई डोर्‍याउनेछ। गाइ र भालु एकैसाथ चर्नेछन्,**

तिनीहरूका बच्चाहरू एकैसाथ ढल्केर बस्नेछन्। र सिहँले गोरूझैं पराल खानेछ। दुधे बालकले गोमन सर्पको नजिक खेल्नेछन्। र भर्खर दुध छोडेको बालकले बिषालु सर्पको दुलोमा आफ्नो हात हाल्नेछ। तिनीहरूले मेरा सबै पवित्र पर्वतमा न त केहि हानी न नोक्सानी गर्नेछन्, किनकि समुद्र पानीले भरिएझैं पृथ्वी परमप्रभुको ज्ञानले भरिपूर्ण हुनेछ।"

यशैया ६५:२५मा पनि माथिका पदहरूलाई पुष्टि गर्दछ।

नयाँ संसारमा विद्रोह र युद्ध हुँदैन भनेर यशैयाले कविताको सुन्दरभाषामा हामीलाई देखाएका छन्। आदम र हब्बा अदनको बँगैचाबाट निकालिएपछि जलप्रलय हुँदासम्म पाप, कुकर्म र विद्रोहले यस संसार भरेको थियो जसले गर्दा त्यसलाई नाश गर्न आवश्यक नै भएको थियो। तर त्यस्ता स्वभाव नयाँ संसारमा हुनेछैन न त नाश गर्नुपर्ने अवस्था नै सृजना हुनेछ। एक आपसमा सहयोग र शान्तिको भावनाले छाएको त्यो नयाँ संसार हुनेछ। दुःख, कष्ट, दुष्ट र प्रतिकूल वातावरणमा हुर्किरहेका हामीलाई त्यस्तो आदर्शराज्यको कल्पना गर्न मुश्किल हुनु स्वभाविकै हो।

**बिग्रिएको जीवन, बिग्रिएको संसारलाई नयाँ पारि पुनःस्थापना गर्ने आश्वासनले सुसमाचार भरिएको छ। त्यो काम केवल परमेश्वरले मात्र सुसम्पन्न गर्नसक्नुहुनेछ। हाम्रो वर्तमान जीवनमा अहिले नै गर्नु पर्ने स्वभावका केहि पुनःस्थापना छ कि? नयाँ जीवनको अनुभूति पाउने आत्मनिर्णयमा तपाईंको भूमिका के छ?**

## ५. परमेश्वरसँगको सम्बन्धमा पुनःसुचारू (यूहन्ना १४:१-३)

"यस संसारमा पाप आउनुभन्दा अघि आफ्नो सृष्टिकर्ता परमेश्वरसँग आदमले मुखामुख बातचित गर्दथे।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ७बाट रूपान्तरित। तर पतित भएपछि परमेश्वर र मानिसको बीचमा भएको सम्बन्धमा धेरै परिवर्तन आयो।पापले गर्दा परमेश्वर र मानिसहरूको बीचमा भएको घनिष्ट सम्बन्ध कसरी टुटेछ

**भनेर देहायका पदहरूले देखाउँछन्, पढ्नुहोस्ः उत्पत्ति ३ः२४, प्रस्थान ३३ः२०, ब्यवस्था ५ः२४-२६।**

पापले गर्दा परमेश्वर र मानिसहरूको बीचमा भएका सम्पर्क र संबन्ध टुक्रियो। आदम र हब्बाको सुरक्षाको निम्ति परमेश्वरले आफ्नो उपस्थितिबाट तिनीहरूलाई अदनको बँगैचाबाट निकालियो, किनभने पापी मानिसले परमेश्वरको अनुहार हेरर बाँच्न नसक्ने भएको थियो।

परमेश्वरबाट मानिस टाढा भएतापनि टुटिएको सम्बन्ध जोड्न उहाँले मुक्तिको योजना बनाउन पहिलो कदम आफैले चाल्नुभयो। त्यसको लागि येशू ख्रीष्टले आफ्नै अनन्त जीवनलाई बाजीमा राख्नुभयो। परमेश्वरको निम्ति त्यो ठूलो मुल्य थियो।

**आफू यस संसारबाट अलग भएर जानेछ र चेलाहरूले अधर्मी मानिसहरूको हातबाट दुःख पाउनेछ भनेर सुन्दा दुःखित भएका चेलाहरूलाई येशूले यस्तो वचन दिएर हौशला दिनुभएको थियोः “तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर। मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए के तिमीहरूलाई भन्ने थिएँ र, कि तिमीहरूका निम्ति म ठाँउ तयार पार्न गइरहेको छु? अनि गएर तिमीहरूको निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु र म जहाँछु, त्यहाँ तिमीहरू पनि हुनेछौ।" यूहन्ना १४ः१-३।**

**हेर्नुहोस् प्रकाश २२ः३-५मा पनि स्वर्गको चित्रण कसरी गरिएको रहेछ।**

परमेश्वर र उहाँका जनहरू फेरि एक हुनेछन् र नयाँ संसारमा शान्तिको राज हुनेछ। परमेश्वर र मानिसको बीचमा मुखामुख कुराकानी हुनेछन्। यस संसार वा धर्ती श्रापरहित हुनेछ। पापले गर्दा गुमाएका सबै थोकहरू फेरि पाउनेछन्, त्यो पनि कहिलै ननासिने गरि। सारा जगतका अरू सृष्टिसँगै मुक्ति पाएकाहरूले नयाँ ठाउँ, नयाँ जीवन, नयाँ राज्य र नयाँ शान्ति पाउनेछन्। अनि परमेश्वरसँगको टुटिएको सम्बन्ध पनि नयाँ गरि जोडिनेछ। सुरूमा जुन उद्देष्यले मानिसको सृष्टि भएको

थियो त्यो उद्देष्य पूरा हुनेछ। परमेश्वर, मानिसहरू र सारा सृष्टिमा शान्त वातावरण हुनेछ। त्यो शान्त क्षणिक नभएर सदाको निम्ति हुनेछ।

**नयाँ स्वर्ग र नयाँ पृथ्वीको सृजना गर्नुभन्दा अघि अहिले नै केहि हदसम्म परमेश्वरसँग सम्बन्ध राखेर के हाम्रो जीवन अर्थमूलक र आनन्द बनाउन सक्छौं? त्यसको निम्ति हामीले कस्तो कदम चाल्नुपर्छ? परमेश्वरसँगको सम्बन्धमा प्रभाव पार्न वा नपार्न हामीहरूको भूमिका के छ?**

## उपसंहारः

<u>थप जानकारीः</u> "जब अनन्त जीवन चलिरहन्छ तब परमपिता परमेश्वर र येशू ख्रीष्टको बारेमा सिद्ध महिमित र प्रचुर आत्मज्ञान खुल्दै जानेछ। जब परमेश्वरको बारेमा जति ज्ञान हामी पाउँछौं तब त्यत्तिकैमा उहाँप्रति भएको प्रेम, श्रद्धा र खुशी बढ्नेछन्। जति मानिसले परमेश्वरको बारेमा वढि जान्नेछन् त्यत्ति उहाँको चरित्रप्रति मानिसहरूले बढि सराहना गर्नेछन्। जब येशूले मुक्ति र सैतानसँगको महान् मतभेदको बारेमा मुक्ति पाएकाहरूलाई वाख्या गर्दै जानुहुनेछ तब मानिसहरूको हृदयमा उहाँप्रतिको प्रेम भरिनेछ र परमेश्वरप्रति अगाध श्रद्धा हुनेछ। अत्यन्त हर्षपूर्वक तिनीहरूले स्वर्गमा भएका सुनका हार्प वा विणाहरू बजाउनेछन्। दशौं हजार गुणा वढि दशौं हजार र हजारौं हजार आवाजहरू परमेश्वरको प्रशंसा गर्न एकसाथ मिल्नेछन्.....।

"येशू र सैतानको बीचमा भएको मतभेदका महान् युद्ध अन्त हुन्छ। पाप र पापीहरू अब रहनेछैन। सारा जगत सफा र शुद्ध हुनेछ। एकता र शान्तले सारा सृष्टि भरिनेछ। सृष्टिकर्ता येशूबाट जीवन, ज्योति र हर्षोउल्लास जगतका सबै स्थानहरूमा बहनेछन्। अत्यन्त शुक्ष्म आटम परमाणुदेखि सृष्टिका महान थोकबाट जीवित वा अजीवितमा लुकिएका सिद्ध आनन्द र सौन्दर्यताले परमेश्वर प्रेमिलो

हुनुहुन्छ भनेर घोषणा गर्नेछ।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्ट्रोभर्सी*, पृ. ६७८बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. पुनःस्थापना गरिएको नयाँ स्वर्ग र नयाँ पृथ्वीको बारेमा सम्पूर्ण बाइबलमा भएका पदहरू जतिछन् त्यत्ति जम्मा गर्नुहोस्। कुन कुराहरू बुझ्न सजिलो छ र रमाइलो लाग्छ र कुनकुरा बुझ्न गाऱ्हो छ सो सोच्नुहोस् र विश्वासीहरूको बीचमा छलफल गर्नुहोस्।

आ. नयाँ स्वर्ग र नयाँ पृथ्वीका पुनःस्थापनासँग उत्पत्ति १ र २मा भएको सृष्टिको कथासँग कसरी मिलेको छ सो तुलना गर्नुहोस्। यदि हामीले विकासवाद सिद्धान्तलाई विश्वास गऱ्यौं भने त्यो नयाँ स्वर्ग र नयाँ पृथ्वीको पुनःस्थापनको बारेमा बुझ्न के हामी सक्षम् हुन्थ्यौं होला र?

इ. पावलले के भनिरहेकाछन् सो रोमी ८:१८ र २ कोरन्थी ४:१६,१७ पढ्नुहोस्। ती वचनहरूबाट हामीले सान्त्वना कसरी पाउन सक्छौं?

ई. पुनःस्थापनाको सुसमाचार गहिरोसँग सोच्नुहोस्। त्यस शब्दले नै हामीलाई के भन्न खोज्दछ? के कुराको पुनःस्थापना हुनेछ? कसरी पुनःस्थापना हुनेछ? त्यो पुनःस्थापना हुन हाम्रो सहभागिता कस्तो हुन्छ?

उ. नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाचाबाट हामीलाई परमेश्वरको चरित्र कसरी देखाउँछ?